कार्यपालिका बैठक संख्या :- ७३

बैठक मिति :- २०७६।११।१५

निर्णय नं. १

यस इटहरी उपमहानगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन विधयेक, २०७६ र उपभोक्ता हित तथा बजार व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधयेक, २०७६ लाई सैदान्तिक सहमति सहीत नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. २

मिति २०७६ साल माघ २३ गते देखि ३५ दिनको तीर्थयात्राका लागि गएका तीर्थयात्रीहरु सवार बस यही फागुन ८ गते बिहानै भारतको सलेम–बैंगलोर राष्ट्रिय राजमार्गमा दुर्घटनामा परी इटहरी वडा नम्वर १० का बासिन्दाहरु (वीर वहादुर राई, टिकाराम चौधरी, रसिलाल चौधरी, गोपाल तामाग, फूलसरी चौधरी र वुधनी देवी चौधरी गरि ६ जनाको मुत्यु भएको र मृतकको परिवार तथा घाईतेहरुलाई औषधी उपचार वापत जनही राहत स्वरुप २५ हजारका दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ३

इटहरी ४ निवासी पदमा माया दर्जीको छोरा भिम बहादुर लावरको वैदेशिक रोजगारको सिलसिलामा साउदी अरबमा मृत्यु भएको हुँदा निजको आर्थिक अवस्था दयनिय रहेकोले निजको परिवारलाई राहत स्वरुप रु. २५ हजार उपलब्ध गराउने निर्णय गरियो ।